मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ७७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ १९ गते सोमबार (Monday, 2 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## २८ सय पेस्तोल सेनासँग सापटी

**काठमाडौँ, माघ १८।** फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षामा प्रयोग गर्न प्रहरीले सेनासँग हतियार 'सापटी' मागेको छ ।

निर्वाचन सम्पन्न भएपछि फिर्ता गर्ने गरी जङ्गी अड्डासँग साना हतियार माग गरिएको प्रहरीका एक उच्च अधिकृतले बताए । प्रहरीले सेनासँग २८ सय पेस्तोल मागेको छ ।

प्रहरीको माग अनुसार सेनाले पेस्तोल दिने निर्णय गरेको छ । प्रहरीका ती उच्च अधिकृत भन्छन्- 'सेनाले

(बाँकी अन्तिम पृष्ठमा)

# निर्वाचन आचारसंहिता पालना गर्ने दलहरुको प्रतिबद्धता

**बिर्तामोड, माघ १८।** आगामी फागुन २१ गते हुने प्रतिनिधि सदस्य निर्वाचनमा आचारसंहिता पालना गर्ने झापाका राजनीतिक दलले सामुहिक प्रतिबद्धता जनाएका छन् ।

आसन्न निर्वाचनका लागि दल तथा उम्मेदवारहरुले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न आफूहरु प्रतिबद्ध रहेको बताए । आइतबार बिर्तामोडमा संवाद समूहले आयोजना गरेको छलफलमा बोल्दै दलहरुले घृणा जगाउने अभिव्यक्ति बन्द गर्दै शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्नका लागि आफूहरु तयार रहेको साझा धारणा व्यक्त गरेका थिए । तर, उनीहरुले अझै पनि चुनावी वातावरण बन्न नसकेको भन्दै फरार कैदी र हतियार सुरक्षा थ्रेट रहेको उल्लेख गरे । आसन्न प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहीत वातावरणमा सम्पन्न गर्न राजनीतिक दल, सुरक्षा निकाय र प्रशासनले साझा प्रतिबद्धता व्यक्त गर्दै आवश्यक समन्वय गर्न तयार रहेको बताए ।

दलहरूले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने र सामाजिक सञ्जालमार्फत हुने दुष्प्रचार रोक्न आफ्नो ठाउँबाट पहल गर्ने सामुहिक अठोट गरेका छन् । प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले निर्वाचन आचारसंहिता २०८२को कानूनी व्यवस्थाबारे प्रष्ट पार्दै २४ वटा विभिन्न क्षेत्र र समूहले यसको अनिवार्य पालना गर्नुपर्ने बताए । उनले फागुन ४ गतेपछि मात्रै जुलुस, ऱ्याली र कोणसभा गर्न पाउने व्यवस्था रहेकाले अहिलेदेखि नै हुन सक्ने उल्लंघनका क्रियाकलापमा प्रशासनले निगरानी गरिरहेको बताए । प्रजिअ गेलालले झापामा मर्यादित, शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्न सबै पक्षलाई जिम्मेवार हुन र सहयोग गर्न आग्रह गरे ।

सहायक प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तेजप्रकाश प्रसाईंले झापामा निर्वाचन आचारसंहिता पालनाको अवस्था बारे सूक्ष्म ढंगले अनुगमन भइरहेको, यदि निर्वाचन आचारसंहिता उल्लंघन भएको पाइए उम्मेदवारी समेत खारेज हुन सक्नेतर्फ दलहरुलाई सजग गराए ।

सुरक्षाको विषयलाई लिएर झापाका प्रहरी उपरीक्षक बसुन्धरा खड्काले अहिलेको प्रमुख चुनौति डिजिटल



प्लेटफर्म र सामाजिक सञ्जालको दुरुपयोग रहेको उल्लेख गरिन् । प्रहरीले सामाजिक सञ्जालको सूक्ष्म मोनिटरिङ गरिरहेको र जिल्लाबाट सम्भव नभएका प्राविधिक विषयहरू केन्द्रमा पठाइने बताउँदै प्रहरी उपरीक्षक खड्काले सम्भावित सुरक्षा थ्रेटका सूचना समयमै प्रहरीलाई दिन आग्रह गरिन् । उनले आगामी फागुन २१ गते हुने निर्वाचनका लागि ढुक्क रहन आग्रह गर्दै हतियार र कैदीको विषयलाई लिएर आत्तिनुपर्ने अवस्था नरहेको बताइन् । उनले ८० प्रतिशतभन्दा धेरै फरार कैदी नियन्त्रणमा आइसकेको र केही थान मात्रै हतियार बाहिर रहेकाले त्यसबाट खासै जोखिम नरहेको उल्लेख गरिन् ।

निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय झापाले सबै गतिविधिलाई अघि बढाइरहेको र मतदाता शिक्षा कार्यक्रमलाई समेत सबै क्षेत्रमा सञ्चालन गर्ने तयारी भइरहेको जिल्ला निर्वाचन कार्यालय झापाका सूचना अधिकारी प्रेम न्यौपानेले जानकारी दिए । उनले दलहरुले निर्वाचन आचारसंहितालाई पूर्ण रुपमा पालना गर्नुपर्नेमा जोड दिए ।

छलफलमा दलका प्रतिनिधिहरूले सुरक्षा र आचारसंहिता उल्लंघनका गम्भीर विषयहरू उठाएका थिए । नेकपा एमाले नेता तथा प्रदेश सांसद एकराज कार्कीले कतिपय दलले निर्धारित समय अगावै घरदैलो र प्रचार शुरु गरेको भन्दै विधिको शासनमाथि प्रश्न उठाए । आचारसंहिताका कार्यान्वयन गर्ने बारेमा पार्टी कार्यकर्तासम्म संयन्त्र बनाएकोले आचारसंहिता कार्यान्वयनमा जोड दिइएको बताए । उनले एमाले निर्वाचन आचारसंहितालाई पालना गर्ने प्रतिबद्ध रहेको जनाउँदै सामाजिक सञ्जालको नियमन र अनुगमनमा ध्यान दिन आग्रह गरे ।

नेपाली कांग्रेसका सचिव कृष्ण हुमागाँईंले राजनीतिक प्रतिस्पर्धालाई आपराधिक गतिविधिले छायाँ पार्न खोजेको बताए । बिर्तामोडबाट लुटिएका हतियार अझै नियन्त्रणमा नआएकोमा चिन्ता व्यक्त गर्दै उनले निर्वाचनको विकल्प नरहे पनि अहिले नै ढुक्कले निर्वाचन हुन्छ भन्ने अवस्था नरहेको बताए । उनले आफ्नो पार्टी आचारसंहिता पालनामा कहीँ नचुक्ने प्रतिबद्धता जनाए ।

त्यस्तै नेपाली कम्युनिष्ट पार्टीका ज्योतिसिंह दर्लामीले मतदाता शिक्षाको अभाव र बाहिर रहेका हतियारको जोखिमबारे कुरा उठाउँदै सुरक्षा निकायलाई जिम्मेवार बन्न आग्रह गरे । उनले निर्वाचनको विकल्प नरहेको भन्दै नेपाली कम्युनिष्ट पार्टी निर्वाचनमा होमिएको र निर्वाचन आचारसंहितालाई पूर्ण रुपमा पालना गर्न तयार रहेको बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका राजेन्द्र खनालले निर्वाचन आयोगको प्रभावकारितामाथि प्रश्न उठाउँदै आफ्ना कार्यकर्तालाई अनुशासनको दायरामा राख्न ५ तहको प्रशिक्षण दिएको जानकारी दिए । निर्वाचन आचारसंहिता विपरीत कुनै पनि गतिविधि नगर्ने र निर्वाचनलाई सफल बनाउन आफूहरुको तर्फबाट पहल गर्ने रास्वपाका नेता शरद जोशीले बताए ।

राप्रपाका जिल्ला अध्यक्ष केशवप्रसाद ओझा र नेपाल कम्युनिष्ट पार्टीका सुमन सिंहले झापा क्षेत्र नम्बर ५ लाई केन्द्रित गरी सामाजिक सञ्जालबाट फैलाइएका गलत सूचना र उम्मेदवार लक्षित षड्यन्त्रका हल्लाहरूले मतदातामा त्रास पैदा गरेको भन्दै सुरक्षा निकायको ध्यानाकर्षण गराए ।

त्यस्तै जनता समाजवादी पार्टीका उपाध्यक्ष गणेश इङ्नामले आफ्नो पार्टी निर्वाचनका समयमा आचारसंहिता पालना गर्न प्रतिबद्ध रहेको र सोही अनुसार काम भइरहेको धारणा व्यक्त गरे । उनले निर्वाचनलाई निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सुरक्षा निकाय र दलहरु जिम्मेवार बन्नुपर्ने धारणा व्यक्त गरे ।

जनमत पार्टीका अध्यक्ष भोटलाल राजवंशीले निर्वाचनका समयमा सामाजिक सञ्जालबाट अफवाह फैलाउने र मतदातालाई त्रास सिर्जना गर्ने काम हुन सक्ने भएकाले सुरक्षा संयन्त्रले त्यसको निगरानीमा ध्यान दिनुपर्ने बताए ।

त्यसैगरी लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष अनुतसिंह राजवंशीले आफ्नो पार्टी तथा कुनै पनि उम्मेदवारले निर्वाचन आचारसंहिता उल्लंघन नगर्ने प्रतिबद्धता जनाए । उनले दलहरु जिम्मेवार बन्नुपर्ने धारणा ब्यक्त गर्दै सुरक्षा निकायलाई सबै दललाई समान व्यवहार गर्न आग्रह गरे ।

नेपाल कम्युनिष्ट पार्टीका इन्चार्ज सुमनसिंह सीले निर्वाचनको विकल्प नरहेको भन्दै दलहरुले हतियारका विषय उठाएर अहिलेको वातावरणलाई बिगार्न नहुने धारणा व्यक्त गरे । उनले राज्यका जिम्मेवार निकायहरुले नागरिकलाई सुरक्षाको प्रत्याभूति दिनुपर्ने भन्दै आफू हार्ने अवस्था आएमा निर्वाचन भाँड्नका लागि केही

(बाँकी अन्तिम पृष्ठमा)

## छिमेकीको हत्या

**संखुवासभा, माघ १८।** आपसी विवादका क्रममा खुकुरी प्रहार गरी छिमेकीको हत्या गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

संखुवासभाको चैनपुर नगरपालिका-१० इखम्बू बस्ने ४७ वर्षीय लीलाप्रसाद राईको हत्या गरेको आरोपमा सोही ठाउँका ५९ वर्षीय शिवकुमार राई पक्राउ परेका हुन् ।

शनिबार दिउँसो दुई पक्षबीच भएको सामान्य भनाभनले उग्र रूप लिँदा शिवकुमारले लीलाप्रसादमाथि खुकुरी प्रहार गरेका थिए । खुकुरीको चोटका कारण लीलाप्रसादको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनाको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय चैनपुर र प्रहरी चौकी खराङबाट खटिएको प्रहरी टोलीले अभियुक्तलाई नियन्त्रणमा लिएको थियो । मृतकको शवलाई पोस्टमार्टमका लागि पठाइएको छ भने अभियुक्तलाई हिरासतमा राखेर कानूनी प्रक्रिया अगाडि बढाइएको छ ।

## दुर्घटनामा मृत्यु

**झापा, माघ १७।** बिर्तामोडका भित्री सडकमा सवारी दुर्घटनाले ज्यान लिने क्रम रोकिएको छैन । शनिवाररराति बिर्तामोड-७ खोपवारी क्षेत्रमा स्कुटी दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ ।

प्याकुरेल चौकबाट बुट्टावारीतर्फ जाँदै गरेको प्र.१-०१-०१३प९१९९ नम्बरको स्कुटी अनियन्त्रित भई सडकछेउको बिजुलीको पोलमा ठोक्किएको थियो । राति करिब ८:२५ बजे भएको दुर्घटनामा स्कुटी चालक ३५ वर्षीय सुभाष मादेन गम्भीर घाइते भएका थिए ।

टाउकोमा गहिरो चोट लागेका मादेनलाई तत्काल उपचारका लागि बिर्तामोडस्थित बीएण्डसी अस्पताल पुऱ्याइए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका अनुसार मृतकको शव सोही अस्पतालको शवगृहमा राखिएको छ । स्थानीयवासीले भित्री सडकमा तीव्र गति, कमजोर सडक संरचना र पर्याप्त सुरक्षा सतर्कताको अभावका कारण यस्ता दुर्घटना दोहोरिने गरेको गुनासो गरेका छन् ।

## चुनावमा रेडक्रसको चिन्ह प्रयोग नगर्न आग्रह

**काठमाडौँ, माघ १८।** नेपाल रेडक्रस सोसाइटीले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा प्रचारप्रसारका क्रममा रेडक्रसको चिन्ह प्रयोग नगर्न आग्रह गरेको छ ।

महामन्त्री मीनबहादुर मल्लले जारी गरेको विज्ञप्तिमा रेडक्रसको चिन्ह जेनेभा महासन्धि अनुसार अन्तर्राष्ट्रिय रूपमा संरक्षित मानवीय सेवाको प्रतीक भएकाले राजनीतिक, धार्मिक वा वैचारिक उद्देश्यका लागि रेडक्रसको चिन्हको प्रयोग गर्न निषेध गरिएको उल्लेख छ ।

(बाँकी अन्तिम पृष्ठमा)

तालमेलको बिरासत, हल्लाको राजनीति र गुरू-चेलाको भिडन्त

# झापा ३ र ५मा एमाले-राप्रपाको मत परीक्षा

**सुरेन्द्र भण्डारी**

**झापा, माघ १८।** फागुन २१मा हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा झापा-३ र ५को चुनावी राजनीति असामान्य रूपमा तरंगित देखिएको छ ।

औपचारिक रूपमा चुनावी तालमेल नगरी एक्लाएक्लै मैदानमा उत्रिएका नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) दुवै दललाई अहिले आफ्नै मत जोगाउने चुनौति छ । सामाजिक सञ्जाल, चोक-बजार र राजनीतिक वृत्तमा फैलाइएका हल्ला र अफवाहले यो चुनौतिलाई झन् गहिरो बनाइरहेको छ ।

कहिले झापा-३मा एमालेका उम्मेदवार हरिबहादुर राजवंशीले उम्मेदवारी फिर्ता लिएको चर्चा चल्छ, कहिले दमक नगरपालिकाका मेयर राम थापाले झापा-५मा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई सघाउने अफवाह फैलाइन्छ । यस्ता गतिविधिले कार्यकर्ता तहमा मात्र होइन, आम मतदाताको मनोविज्ञानमै अन्योल सिर्जना गरिरहेको चर्चा झापामा चुलिएको छ ।

झापामा नेकपा एमाले र राप्रपाबीच झण्डै १२ वर्षसम्म निरन्तर चुनावी तालमेल रह्यो । तत्कालीन रूपमा तालमेलले जित दिलायो, तर दीर्घकालमा दुवै दलको सांगठनिक आत्मनिर्भरता कमजोर बनायो । आज औपचारिक रूपमा सम्बन्धबिच्छेद भएको घोषणा गरिए पनि हिजो तालमेल गरेका यी दुई दल पूर्वप्रेमीझैँ एकअर्कामाथि दाबी गर्न छाडेका छैनन् । यही मनोवृत्तिले एक्लाएक्लै उम्मेदवारी दिए पनि स्वतन्त्र रूपमा मत बटुल्न दुवैलाई कठिन बनाएको विश्लेषण गरिन्छ ।

राप्रपाबाट दमक नगरपालिकाको मेयर जितेका राम थापाले एमाले अध्यक्ष ओलीलाई सघाउने हल्ला केही दिनअघि तीव्र रूपमा फैलियो । त्यसपछि उनले विज्ञप्ति निकालेर खण्डन गर्नुपऱ्यो ।



**राजेन्द्र घिमिरे**
**नेपाली कांग्रेस**



**हरिबहादुर राजवंशी**
**नेकपा एमाले**



**प्रकाश पाठक**
**रास्वपा**



**राजेन्द्र लिङ्देन**
**राप्रपा**

'नेकपा एमाले झापा-५ प्रचारप्रसार समिति दमक र कमल' नामको फेसबुक आइडीबाट मेरो नाम जोडेर गरिएको दुष्प्रचारप्रति मेरो गम्भीर खेद छ । मेरो आफ्नै पार्टी, चुनाव चिन्ह र उम्मेदवार लक्ष्मीप्रसाद संग्रौला हुनुहुन्छ'- मेयरले स्पष्ट पारे ।

राप्रपाको तर्फबाट दमक नगरपालिकाको मेयर बनेका थापाको विज्ञप्तिले हल्लाको असर सजिलै मेटिँदैन । यही कारण झापा-५ मा राप्रपाका लक्ष्मीप्रसाद संग्रौला र झापा-३मा एमालेका हरिबहादुर राजवंशी 'डमी' उम्मेदवार मात्र भएको दावी व्यापक रूपमा फैलिएको छ ।

### भित्री साँठगाँठको शंका

चुनावी तालमेल छैन भनिए पनि एमाले अध्यक्ष ओली र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनबीच अन्तिम समयमा 'भोटको सौदाबाजी' हुनसक्ने शंका निवारण हुन सकेको छैन ।

२०७४ र २०७९मा तालमेल गरेरै दुवैले जितेको इतिहासले यो शंकालाई बल दिएको छ । त्यतिबेला भएको साँठगाँठप्रति दुवै दलका कार्यकर्ता असन्तुष्ट थिए । अहिले पनि त्यही असन्तोष मत विभाजनको कारण बन्न सक्ने खतरा देखिन्छ ।

### गुरु-चेलाको रोचक प्रतिस्पर्धा

यही जटिल समीकरणबीच झापा-३मा अर्को रोचक दृश्य देखिएको छ- गुरुचेलाको चुनावी प्रतिस्पर्धा ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रकाश पाठकलाई उम्मेदवार बनाएको छ । उनी जिल्लाका कार्यवाहक सभापति समेत हुन् । उनी एमालेका उम्मेदवार हरिबहादुर राजवंशीसँग प्रतिस्पर्धामा छन् । राजवंशी संविधानसभा सदस्य समेत रहिसकेका अनुभवी र एमालेका पुराना नेता हुन् ।

कुनै समय बाह्रदशी गाउँपालिका-४ चकचकीको जनविकास निमावि (हाल मावि) मा शिक्षक रहेका राजवंशीले पाठकलाई कक्षा ४देखि ७ सम्म सामाजिक र विज्ञान पढाएका थिए । शिक्षक पेशाबाट अवकाश लिएपछि राजवंशी राजनीतिमा सक्रिय भए भने पाठक पत्रकारिताबाट राजनीतिमा प्रवेश गरेका हुन् ।

गाउँ-गाउँमा भोट मागिरहेका पाठक भन्छन्- 'गुरुले

(बाँकी अन्तिम पृष्ठमा)

## चारआलीमा एक व्यक्ति मृत फेला

**झापा, माघ १८।** झापाको मेचीनगर-१३ चारआलीमा मागी खाएर जीवन बिताउँदै आएका एक व्यक्ति मृत अवस्थामा फेला परेका छन् ।

शनिवाररराति चारआली निवासी जीवन कार्कीको घरको वरन्डामा ३८ वर्षीय तपस नेपाली मृत भेटिएका हुन् ।

पाँचथरको फिदिम-४ स्थायी घर भएका नेपाली बिगत ९-१० वर्षदेखि चारआली क्षेत्रमा मागीखाने गरेको स्थानीयले बताएका

(बाँकी अन्तिम पृष्ठमा)

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org

१००% ग्यारेन्टीका साथ ज्योतिष सेवा



तपाईहरुको भूतकाल, भविष्य र वर्तमान जस्ताको त्यस्तै स्पष्ट बताइदिने प्रखर ज्योतिष



सम्पर्क: NISHANT M JOTIC KENDRA
Newmarket, Panitanki I P.O. Dulaljote-734429 I Dist. Darjeeling, Westbangal
INDIAN NO: CALL & WHATSAPP +91-81598-50995
NEPALI NO CALL +977-98401-64453
Yubtube: Nishat M Jotic kendra

# दलहरुलाई जिम्मेवार बन्न नागरिक समाजको आग्रह




**बिर्तामोड, माघ १८।** फागुन २१ गते हुने निर्वाचनका लागि दलहरु संयम भएर लाग्नुपर्नेमा झापाका नागरिक समाजका अगुवाहरुले जोड दिएका छन् । तोकिएको समयमा निष्पक्ष निर्वाचन सम्पन्न गर्नका लागि नागरिक समाजले सबै राजनीतिक दलहरुलाई अपिल समेत गरेको छ ।

संवाद समूह कोशी प्रदेशले आइतबार झापाको बिर्तामोडमा गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ मेची बहुमुखी क्याम्पसका अध्यक्ष लीला अधिकारीले निर्वाचनको बिकल्प नभएको बताए ।

अहिले तोकिएको समयमा निर्वाचन हुनुपर्ने र चुनौति तथा अप्ठेराहरुलाई हटाएर निर्वाचनको वातावरण सिर्जना गर्नुपर्नेमा उनले जोड दिए । उनले सामाजिक सञ्जालबाट एकले अर्कोले होच्याउने गालीगलौज र घृणा गर्ने अबस्था अहिले पनि देखिएकोले यो बिषय सुरक्षाको चुनौति रहेकाले सरोकारवाला निकाय सजग बन्नुपर्ने धारणा व्यक्त गरे ।

मानव अधिकार सञ्जाल झापा अध्यक्ष डा. रुपक खनालले दलहरुमा उच्छृंखलपना देखिएकाले दलहरु संयमित हुनुपर्ने धारणा व्यक्त गरे । एजेण्डा केन्द्रित छलफल र बहस हुनुपर्नेमा प्रतिस्पर्धामा कसरी हराउने भन्नेमा मात्रै दलहरु केन्द्रित भएको भन्दै उनले यो राम्रो नभएको बताए । सञ्चारकर्मीहरु तटस्थ हुनुपर्नेमा हरेक क्षेत्रमा दलगत आस्था देखिएकाले यसले निर्वाचनलाई समेत प्रभावित बनाउन सक्ने उनले उल्लेख गरे ।

सामाजिक सञ्जाललाई नियमन गर्दै सञ्चार क्षेत्रमा सकारात्मक तथा सत्य-तथ्य समाचारहरु आउनुपर्नेमा उनको जोड थियो । नागरिक समाज तटस्थ हुनुका साथै दलहरु संयमतापूर्वक नै लागेको अबस्थामा निर्वाचन शान्तिपूर्ण रुपमा हुनेमा आफू विश्वस्त रहेको उनको भनाइ थियो ।

चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण बिमलीले समाज दुई धारमा बाँडिएको अवस्था रहेकाले दलहरु संयमित हुनुपर्ने बताए । जेन-जी आन्दोलन चुनावको लागि नभएको भन्दै उनले सुशासनको पक्षमा भएको आन्दोलन एकाएक आँधिबेहरीले समाजलाई विभाजन गरेर चुनावको परिस्थिति ल्याएको आरोप लगाए । यो चुनावले पनि निकास दिन नसक्ने भन्दै उनले चुनाव के को लागि भएको हो भन्नेमा कोही पनि स्पष्ट नभएको जिकिर गरे । अहिले निषेधको राजनीति भएको भन्दै शान्तपूर्वक भोट हाल्ने वातावरण कसरी तय गर्ने भन्ने मुख्य एजेण्डा देखिएको उनको भनाइ छ ।

नेपाल आदिवासी जनजाति महासंघ झापाका अध्यक्ष पाण्डवलाल चौधरीले परिवर्तनलाई संस्थागत गर्नका लागि, नागरिक समाज, मतदाता र सरकारका प्रतिनिधि सबै मिलेर चुनाव गर्नुपर्ने बताए । झापा क्षेत्र नम्बर ५मा अहिले पनि समस्या रहेको भन्दै उनले अहिल त्यहाँ चुनाव प्रचारमा प्रभाव पार्ने र आफू नजित्ने हुँदा चुनाव हुँदैन भन्ने खालका गतिविधि समेत हुन सक्ने भएकाले सुरक्षा संयन्त्रलाई सजग बनाउनुपर्ने उनको भनाइ थियो ।

सञ्चारिक समूह झापाकी अध्यक्ष लीला अनमोलले नयाँ र पुरानालाई र पुरानाले नयाँलाई स्वीकार गर्न नसकेको अवस्था रहेको भन्दै यस्तो अवस्थामा नागरिक समाजको भूमिका महत्वपूर्ण हुने बताइन् । संसद पुनस्थापना गर्ने कुराले नागरिक सशंकित रहेको र समाजमा भ्रम सिर्जना गर्ने खालका कामहरु भएकोले समाजमा विवाद हुनसक्नेतर्फ सुरक्षा सयन्त्र चनाखो हुनुपर्ने उनको भनाइ थियो ।

विर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले मतदाताहरुले शान्तिपूर्ण रुपमा मतदान गर्ने वातावरण बनाउन राजनीतिक दलहरु जिम्मेवार बन्नुपर्ने धारणा राखे । उनले झापा क्षेत्र नम्बर ५का मतदाता बढी त्रासमा रहेकाले उनीहरुलाई सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने बताए । उनले मतदान गर्न जाँदा कसैले आक्रमण गर्ने हो कि भन्ने खालको कुरा आयो भने यसले मतदातामा त्रास सिर्जना हुनसक्ने बताए । उनले आचारसंहितालाई गम्भीरताका साथ पालना गरिएन भने झडप हुनसक्ने भएकाले राजनीतिक दलका केही नेतृत्वहरुले दिएको अभिव्यक्तिप्रति सशंकित हुनुपर्ने अवस्था रहेको बताए । उनले कार्यकर्तालाई उक्साउने, भड्काउने लगायतका कामहरु पनि दलका नेताहरुले गरेकाले त्यसतर्फ ध्यान दिन सुझाव दिए ।

राष्ट्रिय उपभोक्ता मञ्च झापाका अध्यक्ष मदनगोपाल सुब्बाले निर्वाचन आयोगले जारी गरेको आचारसंहितालाई अक्षरश: कार्यान्वयन गऱ्यो भने चुनाव हुन्छ नत्र फेरि भाँडिन सक्ने आशंका व्यक्त गरे । मादक पदार्थ सेवन गरेर आएकालाई मतदानबाट बञ्चित गराउनुपर्ने भन्दै उनले मतदानका दिन निजी सवारीसाधनहरुलाई प्रयोग गर्न दिनुपर्ने बताए । निर्वाचनलाई तटस्थ बनाउने काम सञ्चार क्षेत्रले मात्रै गर्न सक्ने भएकोले सञ्चारमाध्यमले समेत एक पक्षीय समाचारहरु सम्प्रेषण गर्न नहुने उनको भनाइ थियो ।

नेपाल शिक्षक महासंघ झापाका प्रतिनिधि युवराज कट्टेलले लोकतन्त्रको आधार निर्वाचन भएको र वर्तमान संकटलाई निकास दिन निर्वाचनको विकल्प नभएको बताए । भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्न सबै पक्षको भूमिका महत्वपूर्ण हुने उनको भनाइ थियो ।

नेपाल औषधि व्यवसायी संघ झापाका अध्यक्ष जीवनकुमार खड्काले अहिलेको निकास भनेको निर्वाचन मात्रै भएकाले नागरिक समाजले समेत यसमा सहयोग गर्नुपर्ने बिचार व्यक्त गरे । उनले निर्वाचन सम्पन्न गर्न राजनीतिक दल, सुरक्षा निकाय तथा आम नागरिक जिम्मेवार बन्नुपर्ने बताए ।

एबीसी नेपाल झापाकी अध्यक्ष कञ्चना ढकाल सिटौलाले महिला, अपाङ्गता भएका र ज्येष्ठ नागरिकलाई स्वतन्त्र रुपमा मताधिकारको प्रयोगको वातावरण बनाउनुपर्ने धारणा व्यक्त गरिन् । समाज अहिले नकारात्मक अबस्थामा लागेकोले सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने बिचार व्यक्त गरिन् ।

कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघ उपाध्यक्ष विशाल थापा, नियोक झापाका प्रतिनिधि विकास कोइराला, नेपाल मुस्लिम नागरिक समाज झापाका अध्यक्ष एजाज अहमद अन्सारी लगायतले नागरिक समाजको भूमिका पनि तटस्थ हुनुपर्नेमा जोड दिए । उनीहरुले निर्वाचन सम्पन्न गर्न नागरिक समाजको तर्फबाट सबै भूमिका निर्वाह गर्न आफूहरु तयार रहेको प्रतिबद्धता समेत जनाएका थिए । उनीहरुले सबै राजनीतिक दल तथा सुरक्षा संयन्त्रलाई सक्रिय भएर लाग्न आग्रह समेत गरेका थिए ।

### वसांगु-देउराली मोटरबाटो

# 'सेहानाम्लाङ (छाला सुकुवा)' धार्मिक-पर्यटकीय गन्तव्य बन्ने आशा

**युद्धबहादुर बोहोरा**

**पाँचथर, माघ १८।** लिम्बू समुदायको मुन्धुमी इतिहास र प्रकृतिको अनुपम सौन्दर्य बोकेको सेहानाम्लाङ (छाला सुकुवा) क्षेत्रमा मोटरबाटो पुगेपछि स्थानीयमा नयाँ उत्साह जागेको छ ।

बसांगूबाट देउराली हुँदै सेहानाम्लाङ क्षेत्रसम्म जोडिएको मोटरबाटो सञ्चालनमा आएपछि शदियौँदेखि कथामा मात्र सीमित रहेको यो पवित्र भूमिमा अब प्रत्यक्ष सर्वसाधारणले पनि अवलोकन गर्न सकिने अवस्थामा पुगेको हो । यहाँ बाटो पुगेपछि शनिवार विधिवत रुपमा पूजा गरी सञ्चालनमा ल्याइएको हो ।

सेहानाम्लाङ क्षेत्र फाल्गुनन्द गाउँपालिका-६ र ७, कुम्मायक-२ तथा मिक्लाजुङ-१को सीमानामा अवस्थित छ । लिम्बू मुन्धुम अनुसार प्राचीनकालमा केसामी-नामसामी नामका दाजुभाइबीच भएको युद्धपछि मारिएका दाजु केसामीको छाला यही स्थानमा सुकाइएको थियो । त्यसैकारण यस ठाउँलाई 'सेहानाम्लाङ' अर्थात् छाला सुकाइएको थलो भनिन थालिएको जनविश्वास रहँदै आएको छ । आज पनि यो स्थानलाई लिम्बू समुदायले पवित्र तीर्थस्थलका रूपमा सम्मान गर्छन् । सडक पुगेपछि देउराली देवस्थलमा विधिवत् पूजा गरेर उद्घाटन गरिएको निर्माण समितिका अध्यक्ष सन्तवीर आङ्देम्बेले जानकारी दिए ।

कार्यक्रममा सहभागी स्थानीय अगुवा तथा धार्मिक गुरूहरूले सेहानाम्लाङ क्षेत्र संरक्षण, सम्वर्द्धन र व्यवस्थित तथा विकास गर्न सके पूर्वी नेपालकै प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्य बन्न सक्ने धारणा राखेका थिए ।

यस क्षेत्रको ऐतिहासिक महत्व मात्र होइन, प्राकृतिक सम्पदा पनि उत्तिकै समृद्ध छ । यहाँ हजारौँ वर्ष पुराना रुख, दुर्लभ चराचुरुङ्गी, औषधीय जडीबुटी तथा बन्यजन्तु पाइन्छन् । यहाँबाट खुला डाँडाबाट कञ्चन पहाडी हिमश्रृंखला, हरिया वनजङ्गल र बस्तीहरूको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ ।



यही क्षेत्र आसपास १६औं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दले तपस्या गरेको गुफा, कुर्सी आकारको गुरु बसेको ढुंगा र ढुंगामाथि गाडिएको त्रिशुल आज पनि सुरक्षित छन्, जसले यस ठाउँलाई धार्मिक दृष्टिले झनै महत्वपूर्ण बनाएको छ । यही पवित्र धार्मिक स्थलको काखमै फैलिएको फक्ताङलुङ चिया बगानको हरियालीले सेहानाम्लाङ क्षेत्रलाई अझ सुन्दर बनाएको छ । अब मोटरबाटो पुगेसँगै यहाँ श्रद्धालु र घुमन्ते दुवैको पाइला पुग्ने भएको छ, जसले यो ठाउँलाई निकट भविष्यमा धार्मिक भ्रमण र रमाइलो पिकनिकको साझा गन्तव्य बनाउने आशा पलाएको छ ।

पहिला घाँसदाउरा, भेडाबाखा चराउन जानेहरूबाहेक सामान्य मानिस पुग्न नसक्ने यो स्थानमा अहिले मोटरबाटो पुगेपछि ज्येष्ठ नागरिकहरू समेत पुनः दर्शन गर्न पाएकोमा भावुक देखिन्छन् । जवान हुँदा यही वरिपरि बाखा चराउँथ्यौं, बुढेसकालमा फेरि यहीं आइपुग्न पाउँदा अत्यन्तै खुशी लाग्यो- स्थानीय वृद्धहरूको भनाइ छ । प्रदेश सरकारको करिब २३ लाख रुपैयाँ लागतमा निर्माण भएको यस सडकले सेहानाम्लाङ क्षेत्रलाई बाहिरी दुनियाँसँग जोडिदिएको छ । स्थानीयवासीका अनुसार यसले धार्मिक पर्यटनसँगै कृषि उत्पादनको बजार पहुँच, आपतकालीन सेवा र जनजीवनको सहजतामा ठूलो योगदान पुग्ने निर्माण समितिका सचिव दिलहाङ आङ्देम्बे बताउँछन् ।

यस क्षेत्रको प्रचार र संरक्षण गर्ने उद्देश्यले तीन वर्षअघि 'सेहानाम्लाङ सांस्कृतिक पर्यटन संस्था' (फाकुमि) स्थापना गरी वार्षिक महोत्सव सञ्चालन हुँदै आएको छ । संस्थाका अध्यक्ष देउमान आङ्देम्बेका अनुसार संस्थाको नाममा जग्गा र संरचना नहुँदा महोत्सव आयोजना गर्न कठिनाइ हुँदै आएको थियो । अब मोटरबाटो पुगेपछि यही क्षेत्रमा महोत्सव आयोजना गरी सेहानाम्लाङको धार्मिक, ऐतिहासिक र पर्यटकीय महत्व देश-विदेशसम्म चिनाउने लक्ष्य लिइएको छ ।

तर, स्थानीयले संस्थाको नाममा जग्गा उपलब्ध गराउन सके मात्रै थप विकाश गर्न सकिने उनले बताए । वसांगू-देउराली मोटरबाटो पुगेपछि सेहानाम्लाङ (छाला सुकुवा) धार्मिक-पर्यटकीय गन्तव्य बन्ने आशा पलाएको स्थानीय अगुवाहरू बताउँछन् । सेहानाम्लाङ (छाला सुकुवा)लाई केवल मिथकको थलो होइन, सांस्कृतिक पहिचान र समृद्धिको आधार बनाउने तयारीमा सरोकारवाला जुटेका छन् । सडक पुगेपछि अब सेहानाम्लाङ कथा र किंवदन्ती नभइ पर्यटकको पाइलाले गुञ्जिने गन्तव्य बन्ने आशा गरिएको छ । यस पवित्र ठाउँलाई स्थानीय, प्रदेश र केन्द्र सरकारबाट समेत सहयोग दिनुपर्ने देखिन्छ ।

### राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

## महेन्द्ररत्न अग्रस्थानमा

**कमल,माघ १८।** झापाको कमल गाउँपालिकामा सञ्चालित पालिकास्तरीय १६औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा मार्शल आर्ट बाहेका सम्पूर्ण खेल सम्पन्न भएका छन् ।

गतमाघ १५ गतेदेखि कमल-५स्थित निर्माणाधीन आदिबासी रङ्गशालामा सञ्चालित प्रतियोगिता अन्तरगत मार्शल आर्ट बाहेकका नतिजा अनुसार ७ स्वर्ण ६ रजत र ४ कास्य पदक प्राप्त गरी महेन्द्ररत्न माध्यमिक अग्रस्थानमा रहेको छ ।

त्यसैगरी ६ स्वर्ण, ५ रजत र १ कास्य पदक प्राप्तगरी कमल-३स्थित वण्डरल्याण्ड इङ्लिस बोडिङ्ग स्कूल दोस्रो स्थानमा रहेको छ भने ५ स्वर्ण ५ रजत र ४ काश्य पदक प्राप्त गरी निहारिका इङ्लिस वोर्डिङ्ग स्कूल तेस्रो भएका शिक्षा तथा खेलकुद शाखाका अधिकृत रवीन गौतमले जानकारी दिए ।

पदक बिजेता विद्यालय र बिद्यार्थी, उत्कृष्ट खेलाडीलाई गाउँपालिका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी, शिक्षा समितिका सदस्य ,प्याब्सन कोशीका सचिव गौरीमान फागो लगायतले शिल्ड, प्रमाण-पत्र र पदक प्रदान गरेका थिए ।

प्रतियोगिता समापनको अवसर पारेर कमल गाउँपालिकाका भलिवलका पूर्व राष्ट्रिय खेलाडी तथा प्रादेशिक रेफ्री रोशन दाहाललाई दोसल्ला ओढाएर सम्मान-पत्रद्वारा सम्मान गरिएको थियो ।

### निर्वाचन ...

दलहरु उद्धत रहने उल्लेख गरे । उनले निर्वाचनमा कुनै एक वा दुई दल मात्र सहभागी नरहेको बताउदै सबै दललाई समान रुपमा हेर्नुपर्ने विचार व्यक्त गरे ।

श्रम संस्कृति पार्टीका हिमालयप्रकाश कन्दङ्वाले आफ्नो पार्टी निर्वाचनप्रति पूर्ण प्रतिबद्ध रहेको बताउँदै निर्वाचन आचारसंहिता पालना गर्ने प्रतिबद्धता जनाए । छलफलमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका राजा आङ्थुबोले पाथीभरा केबलकारको विवाद समाधान हुनुपर्ने विषयमा जोड दिए । अहिले पनि पाथीभरामा केवलकार निर्माणको काम नरोकिएकोले भोलि सम्भावित झडप हुनसक्ने भएकोले त्यसले चुनावमा असर पार्नेमा जोड दिए । सबै सहभागीहरूले जेलबाट भागेका कैदी र अवैध हतियार नियन्त्रण गर्न, एआइ ( कृत्रिम बुद्धिमत्ता) मार्फत फैलाइने घृणास्पद अभिव्यक्ति रोक्न र मतदाता शिक्षालाई प्रभावकारी बनाउन सरकारलाई सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । दलहरूले आचारसंहिता बिपरीत चल्ने आफ्ना कार्यकर्तालाई आफैँले कारबाही गर्ने र निर्वाचनलाई उत्सवका रूपमा सम्पन्न गर्ने साझा निष्कर्ष निकालेका छन् ।

छलफलमा श्रम संस्कृति पार्टीका जिल्ला अध्यक्ष केशव भण्डारी, नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य बासु दुलाल, सशस्त्र प्रहरी उपरीक्षक अम्बिकाप्रसाद जोशी, राष्ट्रिय अनुसन्धान कार्यालय झापाका प्रमुख उमेश पाण्डे लगायतको सहभागिता थियो ।

### चारआलीमा ...

छन् । घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय धुलाबारीबाट प्रहरी निरीक्षक नकुलराज गौतमको नेतृत्वमा टोली खटिएर घटनास्थलको मुचुल्का तथा कानूनी प्रक्रिया पूरा गरेको छ ।

प्रहरीका अनुसार मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ । मृत्युको कारण खुल्न बाँकी रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । मृतकका आफन्तलाई समेत जानकारी गराइसकिएको छ ।

# मौलिक परिकारको प्रवर्द्धन गर्न रैथाने महोत्सव

**झापा, माघ १८।** मेचीनगर-१० स्थित धुलाबारीमा मौलिक खानाको प्रवर्द्धन र जगेर्ना गर्ने उद्देश्यले तीन दिवसीय रैथाने स्वाद तथा सांस्कृतिक महोत्सव सञ्चालन भएको छ ।

नन्दा करिडोर प्रवर्द्धन केन्द्रको आयोजनामा यही माघ १५ गतेदेखि शुरु भएको उक्त महोत्सवमा ३० हजारभन्दा बढी अवलोकनकर्ताले स्थानीय समुदायको रैथाने परिकारको स्वाद चाखेको आयोजक समितिका अध्यक्ष धमेन्द्र खड्काले बताए ।

पर्यटकीय महत्वको नन्दा करिडोरमा सञ्चालन भएको महोत्सवमा नेवार, राई, धिमाल, दनुवार, किसान र मेचे समुदायका परम्परागत तथा रैथाने खानाका परिकार र सांस्कृतिक झाँकीहरू प्रदर्शनी गरिएका थिए ।

विभिन्न जातजातिको मौलिक पहिचान, संस्कार र संस्कृति झल्काउने चित्रकला समेत उत्सवमा प्रदर्शन गरिएको तथा महोत्सवलाई मेचीनगर नगरपालिका र पर्यटन कार्यालय काँकरभिट्टाले सहयोग गरेको उनले जानकारी दिए । हरेक वर्ष उक्त स्थानमा रैथाने खानाको संरक्षण, प्रचार र जगेर्ना गर्ने उद्देश्यले महोत्सव आयोजना गरिँदै आएको छ ।

पर्यटकीय पूर्वीद्वार मेचीनगरमा सयौँ जातजातिको बसोबास छ । रैथाने खानाको महोत्सवले मौलिक पहिचान र परम्परालाई सम्वर्द्धन गर्न मद्दत पुगेको मेचीनगर नगरपालिकाका प्रमुख गोपाल बुढाथोकीले बताए ।

पर्यटन कार्यालय काँकरभिट्टाका प्रमुख छविलाल खतिवडाले महोत्सवले पर्यटकीय चहलपहल बढाएको र नयाँ पुस्तालाई आफ्नो परम्परागत खानपानसँग परिचित गराउने अवसर प्रदान गरेको बताए । मेचीनगरमा पहाडी र तराई मूलका सयौँ जातजातिको मिश्रित बसोबास छ । आदिवासी जनजाति मेचे समुदायको ऐतिहासिक बसोबास रहेको मेचीनगरमा धिमाल, दनुवार, राजवंशी, सन्थाल र किसानजस्ता अल्पसंख्यक तथा सीमान्तकृत समुदायको ठूलो हिस्साको बसोबास छ ।

महोत्वसमा स्थानीय प्रमुख रैथाने परिकारहरू घोँगी, भक्का, योमरी, छोयला, कचिला, किनेमा, सेलरोटी, पेलका, माछाका परिकार, गँगटा, कन्दमूलका परिकार, ढिँडो, गुन्द्रुक, कोदोको रोटीलगायत विभिन्न परिकार बिक्रीका लागि कक्षमा राखिएका थिए ।

### झापा ३ ...

ज्ञान दिनुभयो । राजनीतिमा पनि उहाँको आशीर्वाद पाउने अपेक्षा छ । अनुभव चाहिन्छ, तर संसदमा नयाँ पुस्ताले पनि जानुपर्छ ।'

**'१२ वर्षपछि सूर्य चिन्ह' को उत्साह**

झापा-३ मा एमाले कार्यकर्ता पछिल्ला दिनहरूमा उत्साहित देखिन्छन् । निर्वाचनका लागि गतमाघ ६ गते गरिएको मनोनयन दर्तापछि एमाले कार्यकर्ताको एउटै स्वर छ- १२ वर्षपछि सूर्य चिन्हमा मत हाल्न पाइने भयो । चोक-बजारदेखि सामाजिक सञ्जालसम्म यही लाइन दोहोरिन्छ । तर, आम मतदाता भने शंकालु छन्- के साँच्चै एमालेजनले सूर्य चिन्हमै भोट हाल्छन् त ?

यही प्रश्न कांग्रेस र रास्वपाभित्र गम्भीर बहसको विषय बनेको छ । किनभने बिगतका दुई चुनावमा एमाले कार्यकर्ताको ठूलो हिस्सा राप्रपा अध्यक्ष लिङ्देनलाई गएको थियो ।

झापा-३मा राप्रपा अध्यक्ष लिङ्देन, कांग्रेसका राजेन्द्रकुमार घिमिरे, एमालेका राजवंशी, रास्वपाका पाठकसहित १७ जना उम्मेदवार छन् । आदिवासी बहुल बस्तीले भरिएको यो क्षेत्रमा 'गेम चेन्ज' हुन सक्ने आशंका बलियो छ ।

बिगतमा कांग्रेस नेता कृष्णप्रसाद सिटौलाको क्षेत्र मानिने झापा-३लाई लिङ्देनले २०७४ र २०७९ मा जितेर आफ्नो आधार क्षेत्र बनाएका छन् । यसपटक सिटौलाले टिकट पाएनन् । सतहमा हेर्दा यो अवस्था लिङ्देनका लागि सहज छ । तर, फिल्ड रिपोर्टिङले त्यति सहज चित्र देखाउँदैन । कारण- अघिल्ला जितमा लिङ्देन एमालेको भऱ्याङ चढेर अघि बढेका थिए ।

एमाले कचनकवल गाउँ कमिटी अध्यक्ष नवराज भट्टराई तालमेलको आशंका अस्वीकार गर्छन् । 'हाम्रो आधिकारिक उम्मेदवार हरि राजवंशी नै हुन् । पार्टीपंक्ति उहाँलाई जिताउन लागेको छ'- उनको दाबी छ । आदिवासी उम्मेदवार भएकाले बिपक्षीले अफवाह फैलाएको उनको आरोप छ ।

**राप्रपाको आधार र कांग्रेसको कलह**

झापा-३ राप्रपाको आधार इलाकाजस्तै बनेको छ । हल्दिबारी, बाह्रदशी र भद्रपुरमा राप्रपाका जनप्रतिनिधि छन् । कांग्रेसभित्र भने गहिरो कलह छ । सिटौला अनुपस्थित हुँदा विपक्षी खेमाका राजेन्द्र घिमिरे उम्मेदवार बनेका छन् । २०७९मा कांग्रेसले पाएको ३७ हजार मत सुरक्षित गर्न सक्ने कि नसक्ने भन्ने प्रश्नमै कांग्रेसको भविष्य टिकेको छ ।

**मतगणित र अन्तिम अनिश्चितता**

झापा-३मा १ लाख ४० हजार ८५७ मतदाता छन्, जसमा ९ हजार ४ सय नयाँ मतदाता थपिएका छन् ।

२०७९मा प्रत्यक्षतर्फ लिङ्देन विजयी भए पनि समानुपातिकतर्फ कांग्रेस पहिलो पार्टी बनेको थियो । एमाले, राप्रपा र रास्वपाबीचको मत विभाजनले यसपटक नतिजा पूर्णतः अनिश्चित बनाएको छ ।

समग्रमा, झापा-३ र ५को चुनाव केवल उम्मेदवारबीचको प्रतिस्पर्धा होइन । यो बिगतको तालमेल, वर्तमानको हल्ला-अफवाह र भविष्यको राजनीतिक विश्वासको परीक्षा हो ।

### २८ सय ...

हाम्रो माग अनुसार हतियार स्वीकृत गरेको छ ।' सेनाबाट सापटी लिइने पेस्तोल प्रदेशमा पठाइने र त्यहाँबाट आवश्यकता अनुसार प्रयोग गर्ने प्रहरी प्रधान कार्यालयको तयारी छ ।

२०७९ मंसीर ४मा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पनि प्रहरीले सेनासँग हतियार मागेर चलाएको थियो । त्यसबेला 'बालगिरी'मा प्रहरीले सेनासँग २८ सय हतियार लिएर निर्वाचन सुरक्षामा प्रयोग गरेको थियो । २०७९ वैशाखमा सम्पन्न स्थानीय निर्वाचनमा पनि प्रहरीले सेनासँग चिनियाँ पेस्तोल सापटी लिएको थियो ।

### चुनावमा ...

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको चुनावी प्रचारप्रसारमा समर्थन वा बिरोध जनाउने उद्देश्यले रेडक्रसको चिन्ह, नाम, चिन्ह अङ्कित पोशाक वा पहिचान प्रयोग गरिएको गतिविधि देखिएमा यसले रेडक्रस अभियानको निष्पक्षता, तटस्थता, स्वाधीनता र विश्वसनीयतामा गम्भीर असर पार्ने स्पष्ट छ- विज्ञप्तिमा भनिएको छ ।




श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## सिमसार दिवसको सार्थकता

**प्रत्येक वर्षको फेब्रुअरी २ का दिन सिमसार दिवस मनाउने गरिन्छ । सिमसार क्षेत्र सम्पूर्ण मानव जाति एवम् अन्य प्राणी र वनस्पतिको समेतको जीवनसँग जोडिएको छ । त्यसैले सिमसारको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले यो दिवस विश्वव्यापी रुपमा मनाउने गरिएको हो । सन् १९७१ मा इरानको रामसार भन्ने शहरमा सिमसार महासन्धि आजकै दिन भएको थियो । त्यही दिन र सिमसारको महत्त्व विश्वव्यापी गर्न सन् १९०५ देखि यो दिवस मनाउन थालिएको हो । सोही महासन्धिको आधारमा नेपालमा सन् १९९१ देखि सिमसार दिवस विविध कार्यक्रमका साथ मनाउन थालिएको हो ।**

**प्राकृतिक वा कृत्रिम रुपले सृजना भई स्थायी वा अस्थायी रुपले पानीले ढाकेको, पानी बग्ने, भासिने वा दलदल भएको धापलाई सिमसार भनिन्छ । अर्थात् पानीका स्रोतहरुबाट सधैँभरी पूर्ण रहने जमिनको क्षेत्र नै सिमसार हो । नेपाल प्रकृतिको अनुपम वरदान हो, यहाँ भूगोलमा पनि विविधता छ । भूगोल, हावापानी, माटोका आधारमा भिन्न-भिन्न प्राणी र वनस्पतिको खेल्ने र बाँच्ने सुन्दर ठाउँ हो नेपाल । जैविक विविधताको भण्डार छ र पृथ्वीमा पाइने सम्पूर्ण जीव र वनस्पतिमध्ये चालीस प्रतिशत यही क्षेत्रमा पाइन्छ ।**

**सिमसारले जलवायु परिवर्तन तथा भूविनाशको असरलाई न्यूनीकरण गर्दै पर्यावरण जोगाउन ठूलो योगदान दिन्छ । यसले वातावरण संरक्षण हुने मात्र होइन पर्यावरणको प्रवर्द्धनमा पनि टेवा पुऱ्याउँछ । तर पछिल्लो समय अत्यधिक प्रयोग भूमि अतिक्रमण, पानीका मुहान सुक्का र मिचाहा प्रजातिका कारण सिमसारको संरक्षणमै चुनौती थपिएको छ । जलवायु परिवर्तनले पानीका स्रोतहरु सुक्दै गएका छन्, पोखरीमा जलस्तर घट्दै गएको छ र सिमसारको अस्तित्वमा संकट उत्पन्न हुन थालेको छ ।**

**सिमसार एक गतिशील, विविधतायुक्त र उर्वर पारिस्थितिकीय प्रणाली हो । त्यसैले यसलाई सामाजिक, जैविक, पर्यावरणीय मात्र होइन आर्थिक दृष्टिले पनि मूल्यवान मानिएको छ । तर, नेपालमा प्रत्येक वर्ष सिमसार क्षेत्रहरु अतिक्रमण र दोहनका कारण नासिँदै जान थालेका छन् । खासगरी सिमसार क्षेत्रको विनाशको चुरे क्षेत्रमा पानीको हाहाकार हुन थालेको छ । भूमिगत जल सतह सुक्दै जाँदा र सिमसार क्षेत्रको पुनर्भरण नहुँदा उत्पन्न संकट गहिरिँदो छ । त्यसैले यो दिवसले सिमसार क्षेत्रको संरक्षण गर्ने सरोकारवाला सबैलाई प्रेरीत गर्नुपर्छ । अनि मात्र यस्ता सुन्दर प्राकृतिक स्रोतहरु सुरक्षित हुन्छन् र दिवसको सार्थकता देखिन्छ ।**

# निपाह भाइरस : निर्वाचन, रोकथाम र नियन्त्रण



सुरेश खतिवडा

सावधानी आज अपनाएनौं भने भोलि विकल्प नहुन सक्छ। रोग नियन्त्रण केबल स्वास्थ्य क्षेत्रको काम मात्र होइन, यो सम्पूर्ण समाजको दायित्व हो। सुरक्षित निर्वाचन, स्वस्थ राष्ट्रको आधार हो।

**के हो निपाह ?**

निपाह भाइरस (Nipah Virus- NiV) एक अत्यन्त गम्भीर र प्राणघातक Zoonotic RNA virus हो। यो भाइरस प्याराम्याक्जोभेराडे परिवार अन्तर्गतको Henipavirus वंशमा पर्दछ। निपाह भाइरसले मुख्यतः मानिसमा AES अर्थात् मस्तिष्कको तीव्र संक्रमण तथा गम्भीर श्वासप्रश्वास सम्बन्धी समस्या उत्पन्न गर्दछ। विश्व स्वास्थ्य संगठन (WHO)ले यसलाई उच्च जोखिमयुक्त रोगको सूचीमा राखेको छ।

यस भाइरसको मृत्युदर करिब ४० देखि ७५ प्रतिशत सम्म हुने भएकाले यसलाई सार्वजनिक स्वास्थ्यका लागि अत्यन्त खतरनाक मानिन्छ। हालसम्म निपाह भाइरस विरुद्ध कुनै प्रभावकारी खोप वा विशेष औषधि उपलब्ध छैन, जसका कारण यसको रोकथाम र नियन्त्रणमा सावधानी नै मुख्य उपाय हो।

**उत्पत्ति र इतिहास**

निपाह भाइरस पहिलोपटक सन् १९९८-९९मा मलेसियामा पहिचान गरिएको थियो। त्यतिबेला सुँगुर फार्ममा काम गर्ने मानिसहरूमा अज्ञात रोग देखिएपछि अनुसन्धान गर्दा निपाह भाइरस पत्ता लागेको हो। त्यसपछि बंगलादेश, भारत (केरला, पश्चिम बंगाल) लगायतका देशहरूमा पटक-पटक निपाह भाइरसका प्रकोप देखिइसकेका छन्।

**कसरी सर्छ त निपाहा भाइरस ?**

वैज्ञानिक अध्ययन अनुसार फलफूल खाने चमेरा ( Pteropus species) निपाह भाइरसका प्राकृतिक भण्डार हुन्। चमेराबाट सिधै वा सुँगुर, अन्य जनावर हुँदै मानिसमा संक्रमण सर्न सक्छ। दूषित फलफूल, काँचो खजुरको रस (Date palm sap) तथा संक्रमित मानिससँग नजिकको सम्पर्क प्रमुख सर्ने माध्यम हुन्।

**नेपालमा निपाह भाइरसको सम्भावित अवस्था**

हालसम्म नेपालमा निपाह भाइरसको ठूला प्रकोप पुष्टि नभए पनि नेपाल पूर्ण रूपमा सुरक्षित भने छैन। नेपाल र भारतबीचको खुल्ला सीमाना, दैनिक आवतजावत, श्रमिकको आवागमन तथा व्यापारिक गतिविधिका कारण संक्रमण भित्रिने जोखिम सधैँ रहन्छ। भारतका केही राज्यहरूमा निपाह भाइरस देखिइसकेको सन्दर्भमा नेपालले विशेष सतर्कता अपनाउन आवश्यक छ। सीमावर्ती क्षेत्र, वनजंगल नजिकका बस्ती, तथा फलफूलको व्यापार हुने क्षेत्रहरू बढी जोखिममा पर्न सक्छन्।

**के हुन्छ त लक्षण तथा चिन्हहरु ?**

निपाह भाइरसको सराई अवधि (Incubation period) अथवा भाइरस शरिरमा प्रवेश गरेपछि लछण देखा पर्ने अवधि सामन्यतय ५ देखि १४ दिनसम्म हुन्छ। सुरुमा साधारण ज्वरो जस्तै देखिए पनि केही दिनमै गम्भीर अवस्थामा पुग्न सक्छ।



**प्रारम्भिक लक्षणहरू**

- उच्च ज्वरो
- टाउको दुखाइ
- मांसपेशी तथा शरीर दुख्ने
- थकान र कमजोरी
- घाँटी दुख्ने
- स्वास प्रश्वास प्रणालीसंग सम्वन्ध हुने भएकाले खस-खस खोकी लाग्न सक्छ
- वाक्वाकी वा बान्ता हुन सक्छ

**जटिलता वा गम्भीर लक्षण तथा चिन्हहरू**

- श्वासप्रश्वासमा गम्भीर समस्या
- मानसिक अवस्था परिवर्तन जस्तै अल्मलिनु वा व्यवहार परिवर्तन
- बेहोस हुने
- झट्का लाग्ने र काम छुट्ने (Seizures) लाग्नु
- मस्तिष्क सुन्निनु (Encephalitis)
- कोमा अवस्था र मृत्यु

बालबालिका, वृद्ध र कमजोर रोग प्रतिरोधात्मक क्षमता भएका व्यक्तिहरूमा यस रोगको जोखिम बढी हुन्छ।

**निर्वाचन र निपाह भाइरसको जोखिम**

निर्वाचन लोकतान्त्रिक प्रक्रियाको महत्वपूर्ण अंग हो। तर, निर्वाचनको समयमा सभा, जुलुस, घरदैलो कार्यक्रम, मतदान केन्द्रमा भीडभाड हुने भएकाले संक्रामक रोग फैलिने सम्भावना बढ्छ।

निपाह भाइरस मानिसबाट मानिसमा पनि सर्न सक्ने भएकाले चुनावी कार्यक्रमहरूमा सावधानी नअपनाएमा ठूलो जोखिम हुन सक्छ। विशेषगरी ज्वरो वा रुघाखोकी जस्ता लक्षण भएका व्यक्तिहरूको सहभागिताले संक्रमण फैलिन सक्ने खतरा हुन्छ।

**नियन्त्रण तथा रोकथाम उपाय**

- निपाह भाइरसको कुनै निश्चित उपचार नभएकाले रोकथाम नै सबैभन्दा प्रभावकारी उपाय हो।

**व्यक्तिले के गर्ने ?**

- साबुन पानीले हात बारम्बार धुने
- भीडभाडमा मास्क प्रयोग गर्ने
- काँचो खजुरको रस तथा भुइँमा झरेका फल नखाने
- ज्वरो वा लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाने

**समुदाय तथा स्सथानिय सरकारको स्तरमाः**

- सीमामा स्वास्थ्य जाँच कडाइ गर्ने
- निर्वाचन तथा सार्वजनिक कार्यक्रममा स्वास्थ्य-मापदण्ड लागू गर्ने गर्नुपर्ने देखिन्छ
- जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने
- संक्रमित वा शंकास्पद व्यक्तिको आइसोलेसन व्यवस्था गर्ने
- स्वास्थ्यकर्मीलाई तालिम र आवश्यक स्रोत उपलब्ध गराउने
-चुनाव प्रचार प्रसार सभा सम्मेलनमा दुरी कायम गर्ने

**जिम्मेवार रही जिम्मेवार रही बहस कसले चलाउने ?**

निपाह भाइरसजस्तो प्राणघातक संक्रमणले स्वास्थ्य क्षेत्र मात्र होइन, सामाजिक, आर्थिक र राजनीतिक प्रक्रियालाई समेत गम्भीर असर पार्न सक्छ। विशेष गरी निर्वाचन जस्तो संवेदनशील र भीडभाड हुने समयमा यस्ता रोगको जोखिमलाई बेवास्ता गर्नु भविष्यका लागि घातक हुन सक्छ।

सार्वजनिक स्वास्थ्य र लोकतान्त्रिक प्रक्रियाबीच सन्तुलन कायम गर्नु आजको आवश्यकता हो। समयमै सतर्कता अपनाउने, वैज्ञानिक सल्लाह अनुसार नीति निर्माण गर्ने तथा नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्ने हो भने निपाह भाइरसजस्ता महामारीको सम्भावित जोखिमलाई न्यून गर्न सकिन्छ। यसका लागि सरकार, निर्वाचन आयोग, राजनीतिक दल, स्वास्थ्यकर्मी तथा आम नागरिक सबैको साझा जिम्मेवारी र सहकार्य अपरिहार्य छ।

'स्वस्थ नागरिक, सुरक्षित निर्वाचन' भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै अघि बढ्नु नै दीर्घकालीन समाधान हो। सावधानी आज अपनाएनौं भने भोलि विकल्प नहुन सक्छ। रोग नियन्त्रण केवल स्वास्थ्य क्षेत्रको काम मात्र होइन, यो सम्पूर्ण समाजको दायित्व हो। सुरक्षित निर्वाचन, स्वस्थ राष्ट्रको आधार हो।

*sureshkhatiwada112@gmail.com*

# दन्तकाली मन्दिर श्रद्धालुको आस्थाको केन्द्र



धरान उपमहानगरपालिका-१४ स्थित विजयपुर क्षेत्रमा रहेको पौराणिक धार्मिक स्थल दन्तकाली मन्दिर श्रद्धालुको आस्थाको केन्द्र बन्दै गएको छ। इटहरी उपमहानगरपालिका-७ की रञ्जिता बस्नेतले हरेक वर्ष स्वस्थानी व्रत बस्दै आएको बताइन्। स्वस्थानी व्रतको समयमा दुई पटक दन्तकाली मन्दिरमा पूजा गर्न आउने गरेकी उनको भनाइ छ।

दन्तकाली मन्दिरमा शुद्ध मनले मागेका र चिताएका कुरा पूरा हुने विश्वास रहिआएको छ। धरान उपमहानगरपालिका-१४ विजयपुरमा अवस्थित पौराणिक महत्व बोकेको दन्तकाली मन्दिरमा हाल दैनिक रूपमा दर्शनार्थीको घुइँचो लाग्ने गरेको मन्दिरका मूल पुजारी विश्वराज खनालले जानकारी दिए। उनका अनुसार पौष शुक्ल पूर्णिमादेखि शुरु भई एक महिनासम्म चल्ने स्वस्थानी व्रतका कारण यस अवधिमा भक्तजनको उल्लेख्य घुइँचो लाग्ने गर्दछ।

दन्तकाली मन्दिर पुगेपछि वरपरका अन्य मन्दिरको पनि दर्शन गर्न पाइने भएकाले श्रद्धालुको आकर्षण बढ्दै गएको उनको भनाइ छ। स्वस्थानी शुरु भएपछि बिहानैदेखि पूजा गर्न आउने भक्तजनको संख्या बढेको पुजारी खनालले भने। धरान उपमहानगरपालिका-१५ की गोमा भट्टराईले फुर्सद हुँनासाथ दन्तकाली मन्दिर पुग्ने गरेको बताइन्।

विराटनगरबाट दन्तकाली मन्दिरमा पूजा गर्न आएका सुरेश खत्री र उनकी श्रीमती सुनिताले पनि स्वस्थानी व्रतको अवसरमा मन्दिरमा दर्शन गर्न आएको जानकारी दिए। स्वस्थानी व्रतकथा अनुसार दक्ष प्रजापतिकी छोरी सतीदेवीले पति महादेवको निन्दा सहन नसकी यज्ञकुण्डमा हामफालेर प्राण त्याग गरेपछि महादेव शोकाकुल भई सतीदेवीको शव काँधमा बोकेर भौंतारिँदा शरीरका अङ्ग जहाँ-जहाँ पतन भए, त्यहाँ शक्तिपीठ स्थापना भएको विश्वास छ। यही क्रममा विजयपुर पर्वतखण्डमा सतीदेवीको दाँत पतन भएकाले उक्त स्थान दन्तकालीका नामले प्रसिद्ध भएको व्रतकथामा उल्लेख छ।

पौराणिक कथामा उल्लेखित शक्तिपीठ भएकाले दन्तकाली मन्दिरको धार्मिक महत्व विशेष रहेको स्थानीय बूढापाकाको भनाइ छ। यस मन्दिरप्रति आस्था राख्ने नेपाल र भारत लगायत टाढा-टाढाबाट श्रद्धालु दर्शनका लागि आउने गरेका छन्। सामान्य दिनमा दैनिक सयौं दर्शनार्थी मन्दिर आउने गरेका छन् भने शनिबार र मङ्गलबार पाँच सयभन्दा बढी भक्तजन यहाँ आउने गरेको पुजारी खनालले बताए।

दन्तकाली मन्दिरमा हरेक वर्ष असोज, माघ, चैत र असारमा चारवटा नवरात्रमा विधिवत् पूजा-अर्चना गरिन्छ। विशेषगरी विजयादशमीको नवरात्रमा घटस्थापनादेखि अष्टमी, नवमी र दशमीसम्म भक्तजनको ठूलो भीड लाग्ने गर्दछ। यस समयमा पूजा आराधना गर्दा मनोकामना पूरा हुने, रोगव्याधि नास हुने र दुःख हट्ने जनविश्वास रहिआएको छ।

दन्तकाली मन्दिरको स्थापना कहिले भयो भन्ने एकिन नभए पनि स्वस्थानी व्रतकथा र पुराणमा उल्लेख भएकाले यसलाई अत्यन्तै पुरानो पौराणिक तथा धार्मिक स्थलका रूपमा लिइन्छ। दन्तकाली मन्दिरमा सयौं वर्षदेखि खनाल थरका पुजारीले पूजा गर्दै आएका छन्। हालका मूल पुजारी विश्वराज खनाल आठौं पुस्ताका पुजारी हुन्। मन्दिरसँग सम्बन्धित १८६८ सालमा राजा गीर्वाणयुद्धविक्रम शाहबाट प्राप्त ताम्रपत्र र लालमोहर पनि सुरक्षित छन्।

धरान भ्रमणमा आउने पर्यटकले प्रायः धरानको मुख्य बजार भानुचोकबाट उकालो लागेपछि दन्तकाली, बुढासुब्बा र पिण्डेश्वर मन्दिरको दर्शनसँगै विजयपुर डाँडाको अवलोकन गर्ने गरेका छन्। दर्जनौं मठमन्दिर रहेको विजयपुर डाँडा धार्मिक तथा ऐतिहासिक स्थलका रूपमा परिचित छ। विजयपुर सिङ्गो धरानको शिर हो, यहाँ धार्मिक स्थल र मठमन्दिर प्रशस्त छन्। यसलाई पर्यटन केन्द्रका रूपमा विकास गर्न सके नेपाल र भारतबाट आउने धार्मिक पर्यटकको संख्या अझ बढ्ने धरान उपमहानगरपालिका-१४ का वडाध्यक्ष कृष्ण भट्टराईले बताए।

विजयपुरमा कुनै बेला सेन वंशको राज्य रहेको पाइन्छ। सेन र त्यसपछिका राजाहरूले पनि दन्तकालीलाई शक्तिपीठका रूपमा दर्शन गर्ने र मन्दिरमा घन्ट, त्रिशूल चढाउने गरेको पाइन्छ। पुराना स्थानीय बासिन्दाको भनाइ अनुसार २०३५ सालभन्दा पहिला दन्तकाली मन्दिर अहिले जस्तो थिएन। पछि मात्र अहिलेको मन्दिर निर्माण भएको हो। हालको मन्दिरको छाना माथि धातुको गजुर समेत राखिएको छ।







ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** आज समयले साथ दिएको छ, नचिताएको ठाउँबाट पैसा आउने छ, पारिवारिक माहोल भने निराशा हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समयछ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, शुखद् खबर सुनिने छ, व्यापार-व्यावसायमा भने सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** धन लाभको योग छ, बोलीको प्रभावमा वृद्धि हुनेछ, साथीभाइ भेटघाट तथा मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** दिन शुभ छ, बोलिको भरका विशेष काम बन्ने योग हुनाले बोलिमा विचार पुऱ्याउनुहोला, स्वास्थ्यमा भने समस्या देखिन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्ने छ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** मनमा जोश, जागर बढेर जानेछ, साथीभाइसँगको सहकार्यले फाइदा हुनेछ, क्रोधलाई चाहिँ नियन्त्रणमा राख्नुहोला, मावली पक्षबाट शुभ समाचारको योग रहेको छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, स्वास्थ्य तथा भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन हर्षित हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** आज दिन मध्यम रहेको छ, मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, बेलुकीपख यात्राको योग परेको हुनाले मन खुशी हुनेछ।

मिति २०८२/१०/१८ आइतबारको सुनचाँदी मूल्य

छापावाला सुन प्रति तोला रु. ३,००५००।-

चाँदी प्रति तोला रु. ५,५१५।-



**भोजपुर रंगशाला : भोजपुर नगरपालिका–७ स्थित कोदारमा निर्माण गरिएको भोजपुर रंगशाला।** *तस्वीर : रासस*

# अर्जुनधारा जेसीजको पद हस्तान्तरण

**अर्जुनधारा, पुस १८।** अर्जुनधारा नगरपालिकास्थित अर्जुनधारा जेसीज शनिश्चरेको १३औं पद हस्तान्तरण तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ ।

जेसीज २०२५ का अध्यक्ष वेदनारायण गोदार थापाको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख अतिथि कोशी प्रदेशका पूर्व मुख्यमन्त्री उद्धव थापाले उद्घाटन गरेका थिए ।

जेसीज शनिश्चरेका मातृ संस्था बिर्ता जेसीजका अध्यक्ष लोकचन्द्र श्रेष्ठलाई साक्षी राखी कार्यक्रममा अध्यक्ष थापाको गलाको जेसीज चेन २०२६ की नवनिर्वाचित अध्यक्ष बिमला भट्टराईलाई लगाउँदै पद हस्तान्तरण गरिएको थियो ।

कार्यक्रममा विभिन्न व्यक्तित्वहरुलाई सम्मानित एवम् पुरस्कृत गरिएको थियो । जसअनुसार सम्मान पत्रबाट सम्मानित हुनेमा साहित्यकार भगवती ढुङ्गेल र कदर



पत्रबाट सम्मानित हुनेहरुमा डा. मुकेश शाह, पदमबहादुर कुँवर, रञ्जिता गौतम, रमेश विष्ट र सुरेश गौतम रहेका छन् ।

त्यस्तै जंगबहादुर गोदार थापा स्मृति उत्कृष्ट कलाकार पुरस्कारबाट स्मृति समाल मगर, नवराज खड्का स्मृति उत्कृष्ट शिक्षा पुरस्कारबाट छात्र रिजन नेपाल र छात्रा विन्दिया मोहरा र शेरबहादुर कुँवर स्मृति उत्कृष्ट खेलकुद पुरस्कारबाट झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आले 'मामा'पुरस्कृत भएका थिए ।

कार्यक्रममा अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङ, नेपाल जेसीज २०२६ का राष्ट्रिय उपाध्यक्ष अनिश भट्टराई, मातृशाखा बिर्ता जेसीजका अध्यक्ष श्रेष्ठ, अर्जुनधारा जेसीजका संस्थापक इन्दिवर खड्का लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा जेसीजकी महासचिव भट्टराईले जेसीज आस्था वाचन, प्रजित थापाले मिसन भिजन वाचन र उज्ज्वल खरेलले स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन महासचिव भट्टराई र नवनिर्वाचित महासचिव जेसी कला बिष्टले गरेका थिए ।

# अशक्तलाई घरमै नागरिकता

**संखुवासभा, माघ १८।** संखुवासभाको पाँचखपन नगरपालिका–३ मा अशक्तलाई घरमै पुगेर नागरिकता प्रदान गरिएको छ ।

पाँचखपन–३ सिवुवाकी अशक्त ४३ वर्षीया चन्द्रकुमारी बानियाँलाई घरमै पुगेर नागरिकताको प्रमाणपत्र प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी (प्रजिअ) सिर्जना थपलियाले जानकारी दिइन् ।

अति अशक्त अवस्थाकी बानियाँले सम्पूर्ण कागजातसहित जिल्ला प्रशासन कार्यालयमा गत पुस १९ गते निवेदन दिएकी थिइन् । प्राप्त कागजातका आधारमा बानियाँलाई नागरिकता प्रमाणपत्र प्रदान गरिएको प्रजिअ थपलियाले बताइन् ।

'असक्त नागरिकलाई घरदैलोमै अत्यावश्यक सेवा दिने हाम्रो नीति छ । स्वास्थ्यका कारणले समस्या भएर जिल्ला प्रशासन कार्यालयसम्म पुग्न नसक्ने नागरिकलाई हामीले यसरी नै सेवा दिँदै जानेछौं' -उनले भनिन् ।

यसैबीच संखुवासभा जिल्ला सुरक्षा समितिले मतदान स्थल निरीक्षण गर्नुका साथै स्थानीय तहसँग निर्वाचन तयारी, आचारसंहिता पालना लगायत विषयमा अन्तरक्रिया गरेको छ ।

आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिएसँगै मतदान केन्द्र तथा मतदानस्थल अनुगमन र समन्वयको कामलाई तीव्रता दिइएको प्रजिअ थपलियाले बताइन् ।

जिल्लामा एक सय नौ वटा मतदान स्थल र एक सय ६४ मतदान केन्द्र रहेका छन् भने कुल मतदाता एक लाख १९ हजार छ सय ३० रहेका छन् । जिल्लामा अति संवेदनशील आठ, संवेदनशील ८२ र सामान्य १९ वटा मतदान स्थल रहेका छन् । यहाँ १५ दल र एक स्वतन्त्र गरी तीन महिलासहित १६ जना उम्मेदवार चुनावी मैदानमा छन् ।



# आँखारोगीको खोजी गर्दै पौवादुङमा



**भोजपुर, माघ १८।** ग्रामीण भेगमा रहेका आँखारोगीको पहिचान गर्दै उनीहरूलाई सहजरुपमा उपचार सेवा उपलब्ध गराउने उद्देश्यले पौवादुङमा गाउँपालिकामा निःशुल्क आँखा जाँच शिविर सञ्चालन हुने भएको छ ।

गाउँघरमै पुगेर सेवा प्रवाह गर्ने लक्ष्यसहित गाउँपालिकाले सबै वडामा शिविर सञ्चालन गर्न लागेको हो । गाउँपालिकाको समन्वयमा नवदृष्टि आँखा अस्पताल प्रालि खाँदबारी–१ तुम्लिङटार तथा सगुन आँखा उपचार केन्द्रको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिने भएको छ ।

स्थानीय बासिन्दालाई घरनजिकै गुणस्तरीय आँखा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले वडावडामा शिविर आयोजना गर्न लागिएको गाउँपालिकाका अध्यक्ष किरण राईले बताए । अध्यक्ष राईका अनुसार यही माघ १८ देखि २३ गतेसम्म शिविर सञ्चालन गरिने छ ।

गाउँघरमा रहेका आँखा रोगीको पहिचान गरी समयमै उपचार सुनिश्चित गर्ने उद्देश्यले शिविर आयोजना गरिएको हो । 'स्थानीय सरकारको सेवालाई गाउँस्तरसम्म सहज रूपमा विस्तार गर्दै आँखारोगीको पहिचान र उपचार गर्न शिविर सञ्चालन गर्न लागेका हौं । सबै वडामा शिविर सञ्चालन गरेर नागरिकलाई घरनजिकै सेवा प्रदान गर्नेछौं' -अध्यक्ष राईले भने ।

यही माघ १८ गते वडा नं. ५ सानोदुम्मा, माघ १९ गते वडा नं. ४ बास्तिम, माघ २० गते वडा नं. ६ ठूलोदुम्मा, माघ २१ गते वडा नं. २ तिवारीभञ्ज्याङ, माघ २२ गते वडा नं. १ श्यामशिला र माघ २३ गते वडा नं. ३ च्याङ्मेमा शिविर सञ्चालन गरिने छ ।

शिविरमा निःशुल्क आँखा तथा चश्मा जाँच, औषधि वितरण लगायत सेवा उपलब्ध गराइने छ । मोतियाविन्दुका कारण आँखा नदेख्ने बिरामीको नवदृष्टि आँखा अस्पताल तुम्लिङटारमा निःशुल्क शल्यक्रिया गरिने अध्यक्ष राईले बताए ।

मोतियाविन्दुको शल्यक्रियामा 'फोल्डेबल लेन्स' प्रयोग गर्न चाहेमा २० प्रतिशत छुटको व्यवस्था गरिएको छ । त्यसैगरी शल्यक्रिया गर्नुपर्ने बिरामीको निःशुल्क ल्याब परीक्षण, आँखामा मासु (प्टेरिजियम) पलाएको अवस्थामा शल्यक्रियामा २० प्रतिशत छुट तथा सहुलियत दरमा चश्मा उपलब्ध गराइने छ । गाउँपालिकाले सबै वडाबासीलाई तोकिएको स्थानमा उपस्थित भई निःशुल्क सेवा लिन आग्रह गरेको छ ।

# दुर्घटना न्यूनीकरणका लागि कन्भेक्स लेन्स

**भोजपुर, माघ १८।** सवारी दुर्घटनाको दर कम गराउने उद्देश्यले भोजपुरका प्रमुख सडकमा कन्भेक्स लेन्स राख्न शुरु भएको छ ।

सडक दुर्घटनाको जोखिम घटाउने उद्देश्यले विभिन्न स्थानका घुम्ती तथा मोडहरूमा कन्भेक्स लेन्स जडान शुरु गरिएको हो । बिहानी फुटबल क्लवको पहलमा अभियानका रूपमा कन्भेक्स लेन्स जडान शुरु गरिएको क्लवका अध्यक्ष बिकल श्रेष्ठले बताए ।

यस कार्यमा ट्राफिक प्रहरी कार्यालय भोजपुरले सहकार्य गरेको छ । सहयोगी दाताहरूको पहलमा सडक क्षेत्रमा राखिएका लेन्सको सहायताले सवारी दुर्घटनामा कमी आउने भएकाले आफूहरूले अभियान शुरु गरेको अध्यक्ष श्रेष्ठले धारणा राखे । उनका अनुसार भोजपुर नगरपालिका–३ गुप्तेस्वरको सेती बगर हुँदै वडा नं. ४ दावा बलौटे, सेरा खोला घुम्ती, वडा नं. ५ मसिने बेसी, वडा नं. ६ प्रगति चोक, जिल्ला अस्पताल घुम्ती, वडा नं. १२ टक्सारको सल्ला घारी घुम्ती लगायत क्षेत्रका सडकमा कन्भेक्स लेन्स जडान गरिसकिएको छ ।

हिले भोजपुर नारदमणि थुलुङ सहायक राजमार्ग र पुष्पलाल मध्य पहाडी राजमार्गका विभिन्न क्षेत्रमा पहिलो चरणमा कन्भेक्स लेन्स जडान गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

विशेषगरी तीव्र मोड तथा घुम्तीहरूमा ठूला दुर्घटना हुने जोखिम रहेकाले यसको रोकथाममा लेन्स प्रभावकारी हुने यातायात व्यवसायी मायालु मोक्तानले बताए ।


## वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

## UAE मा रोजगारीको अवसर
United International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस् । **यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड–१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३


## बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल
पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

### नक्सा पासका लागि सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

यस गा.पा. वडा नं. २ बस्ने श्री कबिता माबोको नाममा दर्ता कायम रहेको साविक बुधवारे–९ हाल बुद्धशान्ति गाउँपालिका–३ स्थित कि.नं. १०६७५ ज.वि. ०–०–९ मा तपशिलमा उल्लेख भए बमोजिमको घर निर्माण गर्न स्वीकृतिको लागि सधियारको पेश भएकोमा मिति २०८२/१०/१४ गते नक्सा पासको लागि सँधियारको नाममा जारी गरिएको १५ दिने सूचना सम्बन्धित स्थानमा सूचना टाँस गर्न जादा तपसिलमा भएको सँधियार नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध–सँधियार बाटो नदी, नाला र सार्वजनिक जग्गालाई असर पर्ने वा नपर्ने सोको उजुरी गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा नक्सा बमोजिम पास भई जाने व्यहोरा अनुरोध छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक बुधबारे–९ हाल बुद्धशान्ति–३ कि.नं. १०६७५ क्षेत्रफल ०–०–९ | लम्बाई : १४.०० मि. चौडाई : ७.३२ मि. उचाई : १०.७५८ मि. क्षेत्रफल : २९६.९१ वर्गमिटर | पूर्व<br>पश्चिम<br>उत्तर श्री सुम्निमा र गरिमा बाँस्तोला<br>दक्षिण |


## मार्बल शिलालेख
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड–४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

## UPVC झ्याल ढोका
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

## हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३–५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

## सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३–५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
नेपालीहरुको लागि भरपर्दो सेवा
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra


नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७२/१२/२४ मा दर्ता भएको प्रा.लि. नं. १४७५७१ को हलेसी आवास कम्पनी प्रा.लि. नामक कम्पनीको विशेष खारेज गरी पाउँ भनि यस कार्यालमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिने छ ।